आज मिति २०८० जेष्ठ २० गतेको दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको सोह्रौ (१६/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |

# सोह्रौ कार्यपालिका बैठकको निर्णय

## (मिति २०८० जेष्ठ २० गते)

विषय सूची :

१. टीकापुर नगरपालिकाको आगामी १३ औ नगरसभा बैठकको कार्यतालिका सम्बन्धमा ।

२. स्वास्थ्यकर्मीहरुको तलव भत्ता भुक्तानी सम्बन्धमा ।

३.सघन शहरी विकास कार्यक्रम अन्तर्गतको आयोजना तथा अन्य आयोजना /कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।

४. पशु चौपाया व्यवस्थापनका लागि रकम विनियोजन सम्वन्धमा ।

५. कवाडी सामान निकासी शुल्क सम्वन्धी ठेक्का संचालन/कार्यान्वयन सम्वन्धमा ।

६.कार्यविधि संशोधन तथा मापदण्ड स्वीकृत सम्वन्धमा ।

७. चालु आ.व. ०७९/०८० का लागि स्वीकृत आयोजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयन सम्बन्धमा ।

८ . नगर विकास कोष सँगको लागत साझेदारी अन्तर्गत आयोजना तथा कार्यक्रम छनौट सम्वन्धमा ।

९. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी व्यवस्थापन सम्वन्धमा ।

१०.कार्य सम्पादन तथा जिम्मेवारी हेरफेर सम्वन्धमा ।

११. फोहर व्यवस्थापन सम्वन्धमा ।

निर्णय :-

निर्णय नं.१ :- यस नगरपालिकाको तेह्रौ नगर सभा बैठक संचालनका लागि तपसिल बमोजिमको कार्यतालिका स्वीकृत गरियो ।

तपसिल :

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१६ औं कार्यपालिका बैठकको निर्णय

| क्र.सं. | क्रियाकलाप | मिति | समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक | | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | सम्पन्न |
| २ | विभिन्न विषयगत समितिहरुको प्रारम्भिक संयुक्त बैठक | | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | आवश्कता अनुसार, सम्पन्न |
| ३ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | सम्पन्न |
| ४ | वस्ती तहका योजना छनौट | २०८०/०२/२५ सम्म | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ५ | वडागत योजना छनौट तथा प्राथमिकिकरण | २०८०/०२/२९ | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ६ | विषयगत समितिहरुको बैठक | २०८०/०२/२८ सम्म | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८०/०२/३० | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ८ | कार्यपालिका बैठक (नीति, बजेट तथा नीतिगत निर्णय नगर सभाका लागि सिफारिस प्रयोजन) | २०८०/०३/०३ | कार्यपालिकाका लागि तोकिएको समय बमोजिम हुने | कार्यपालिका | |
| ९ | नगर सभामा नीति तथा कार्यक्रम पेश | २०८०/०३/५ | दिनको १:०० वजे | नगर प्रमुख, | |
| १० | नगर सभामा बजेट पेश | २०८०/०३/६ | दिनको १:०० वजे | नगर उपप्रमुख | |

१८ औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. २ :- यस नगरपालिकामा कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुलाई २०७९ चैत्र महिना देखि तलव /भत्ता उपलब्ध गराउन नसकिएकोमा यस नगरपालिकाको चालु आ.व. २०७९/०८० का लागि नेपाल सरकारबाट शसर्त अनुदान शिर्षकमा रकम प्राप्त हुन आएमा शोधभर्ना हुने गरी हालको लागि आ.व. ०७८/०७९ को साटन बाकि चेकको भुक्तानी शिर्षकबाट रु. ८,००,०००। (आठ लाख) तथा पदाधिकारी अन्य सेवा सुविधाबाट रु. १०,००,०००। (दश लाख) गरी जम्मा रु. १८,००,०००। (अठार लाख) बाट उपलब्ध गराउने ।

निर्णय नं. ३ :-.सघन शहरी विकास कार्यक्रम अन्तर्गतका आयोजना तथा अन्यआयोजना/कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

क) यस नगरपालिकाको चालु आ.व. ०७९/०८० का लागि नेपाल सरकार, सघन शहरी विकास कार्यक्रम अन्तर्गत संचालित आयोजनाको भुक्तानी दिन बाँकि रकम नेपाल सरकारबाट सम्बन्धित शिर्षकमा रकम प्राप्त हुन आएमा पछि शोध भर्ना हुने गरी नगरपालिकाको चालु आ.व. २०७९/०८० का लागि स्वीकृत देहाय बमोजिमका आयोजना तथा कार्यक्रममा विनियोजित बजेटबाट रकम उपलब्ध गराउने ।

तपसिल :

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | औद्योगीक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन तथा पुर्वाधार विकास | ५०० | |
| २ | नगर विकास योजनाहरुको प्रगति प्रकाशन तथा प्रसारण | ३०० | |
| ३ | मध्यकालिन खर्च संरचना MTEF निर्माण (आवधिक योजनामा परिबर्तन गरिएको) | १००० | |
| ४ | गत आ.व. को भुक्तानी दिन बाकी (चालु ) | १००० | |
| ५ | नगरपालिका कार्यालयको प्रशासनिक भवनको कार्यकक्ष ब्यबस्थापन | १००० | |
| ६ | गत आ.व. को भुक्तानी दिन बाकी (पुंजी ) | १००० | |
| | जम्मा | ४८०० | |

प्रमुख प्रशासकिय अधिकृत

ख ) चालु आ.व.२०७९/०८० मा पत्रपत्रिका छपाई शिषर्कमा विनियोजित बजेट अपुग हुन जाने देखिएकोमा उक्त शिषर्कमा अपुग हुन जाने रकम रु. रु. १२,००,०००।(बाह्र लाख) चालु आव. २०७९/०८० का लागि पदाधिकारी अन्य सुविधा शिर्षकमा विनियोजित बजेटबाट खर्च उल्लेख गर्ने ।

ग) वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण कार्यक्रम संचालन सम्बन्धमा .वैदेशिक रोजगार बोर्डको सचिवालय र पालिकाको दुई पक्षिय सम्झौता वमोजिम चालु आ.व. २०७९/०८० मा तपसिल बमोजिम कार्यक्रम संचालन गर्ने साथै उक्त कार्यक्रमका लागि नगरपालिकाको प्रतिवद्दता बमोजिम व्यहोर्नुपर्ने रकम रु .३,४४,०००।- ( तीन लाख, चवालिस हजार मात्र) नगरपालिकाको गत आ.व २०७८/०७९ को साट्न वाकि चेकको भुक्तानी शिर्षकवाट व्यहोर्ने ।

तपसिल :

| क्र.सं | कार्यक्रमको नाम | बजेट | | कैफियत |
|---|---|---|---|---|
| | | वैदेशिक रोजगार वोर्ड | नगरपालिकाको लागत सहभागिता | |
| १ | उद्यमशिलता प्रवर्धन तथा क्षमता विकास कार्यक्रम | १७,२०,००० | ३,४४,००० | २० प्रतिशत |
| २ | प्रविधि हस्तान्तरण कार्यक्रम | | | |
| | जम्मा | २०,६४,००० | | |
| | | | | |

घ) विभिन्न संघसंस्थाबाट कार्यक्रम संचालनका लागि बजेट माग/अनुरोध भई आएका र नगरपालिकाले तत्काल गर्नुपर्ने आवश्यकता महशुष गरिएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रममा देहाय बमोजिम रकम विनियोजन गर्ने।

प्रमुख प्रशासकिय अधिकृत

१८औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | रकम | सम्बन्धित शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | कैलाशेश्वर शिव मन्दिर, टीकापुर-१ संचालन /व्यवस्थापन | टी.न.पा, वडा नं. १ | १,५०,०००।- | नगर भित्रका पर्यटकिय र सांस्कृतिक महत्वका क्षेत्र संरक्षण र प्रवर्धनका लागि व्यवस्थापन खर्च | |
| ३ | टीकापुर १ ब्लक नं. १ स्थित लक्ष्मी चोकमा बाटो पटानी तथा ग्राभेल निर्माण | वडा नं. १, टी.न.पा | ५,००,०००।- | प्रकोप तथा विपद् व्यवस्थापन कोष | |
| | | | | | |

निर्णय नं. ४ :- टीकापुर नगरपालिका वडा नं ५ स्थित टीकापुर नर्सरीमा रहेको पशु गौशालामा रहेका सामुदायिक पशु चौपायाहरुको व्यवस्थापन सम्बन्धमा चालु आ.व. २०७९/०८० का लागि विनियोजित बजेट अपुग हुन जाने देखिएकोमा अपुग हुन जाने रकम रु. रु. ५,००,०००।–।( पाँच लाख)गत आव. २०७८/०७९ मा साट्न बाँकि चेकको भुक्तानी बजेटबाट खर्च व्यहोर्ने ।

निर्णय नं. ५ :- चालु आ.व. ०७९/०८० देखि २०८१/०८२ (३ वर्षको ) लागि टीकापुर नगरपालिकाको आन्तरिक श्रोत उठाउने ठेक्का व्यवस्थापन सम्बन्धि खक्रौला नाकामा कवाडीको सामान निकासी शुल्क सम्बन्धी ठेक्का संचालन/कार्यान्वयनमा अवरोध भएकोले कवाड निकाशी ठेक्का फिर्ता गरी पाउँ भनि माउन्टव्यू कन्स्ट्रक्सन प्रा.लि.ढकारी-१, अछामको तर्फबाट यस नगरपालिकामा निवेदन पेश भएकोमा उक्त ठेक्का संचालन/कार्यान्वयनमा आवश्यक सहयोग र सहजिकरण गरीदिन जिल्ला प्रशासन कार्यालय, कैलाली लगायतका अन्य सम्वन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय ६ :- टीकापुर नगरपालिकाको देहाय बमोजिमको कार्यविधि तथा मापदण्ड स्वीकृत गरियो ।

क) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, (पहिलो संशोधन) २०७८

ख) शैक्षिक सुनिश्चितता कोष सन्चालन तथा व्यवस्थापन मापदण्ड,२०८०

तपसिल

९८ औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७८

**संशोधन गरिएको सम्बन्धित दफा, उपदफा र खण्ड**

| क.सं. | दफा,उपदफा र खण्ड | ऐनमा भएको व्यवस्था ( मौजुदा) | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१) | (१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा वस्तीका वासिन्दाको आम भेलाबाट टोल तथा वस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ । | (१)नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा वस्तीका वासिन्दाको आम भेलाबाट टोल तथा वस्ती भित्रका हरेक घरधुरी समावेश हुने र कार्यसमिति सदस्य रहने गरी टोल विकास संस्थाको गठन गरिनेछ । | टोल विकास संस्था गठन गर्दा तोकिएको चार किल्ला भित्रका सबै घरधुरी अनिवार्य रुपमा समावेश गर्नुका साथै संस्थाको प्रभावकारीता, समग्र विकासका लागि टोलमा बसोबास गर्ने हरेक घरधुरीको अर्थपूर्ण सहभागिता साथै छलफल तथा निर्णय कार्यान्वयन सबैको सामुहिक पहल अपरिहार्य भएकोले । |
| २ | टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (२) | (२) उपदफा (१) वमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन्<br>(क) अध्यक्ष १ जना<br>(ख) उपाध्यक्ष १ जना<br>(ग) कोषाध्यक्ष १ जना<br>(घ) सचिव १ जना<br>(ङ) सदस्यहरु (३ देखि ७ जना सम्म) | (२) उपदफा (१) वमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन :<br>(क) अध्यक्ष १ जना<br>(ख) उपाध्यक्ष १ जना<br>(ग) कोषाध्यक्ष १ जना<br>(घ) सचिव १ जना<br>(घ) (१) सहसचिव –१ जना<br>(ङ) बाँकी सबै सदस्यहरु रहनेछन । | सचिवको अनुपस्थिति मा सचिवको जिम्मेवारी वहन गर्न सह सचिवको व्यवस्था गर्न र बाँकी सबै घरधुरी सदस्यहरुलाई सदस्य सरहको भूमिका र जिम्मेवारीमा रही कार्य गर्न आवश्यक देखिएकोले । |
| ३ | टीकापुर नगरपालिकाको | मौजुदा कानूनी व्यवस्था नभएको | टोल विकास संस्था गठन गर्दा बडघर भएको | परापूर्वकाल देखी समाजका हरेक क्रियाकलापमा छुट्टै |

१८ औं कार्यपालिका बैठकबाट निर्णय

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (२) को खण्ड (च) थप गरिएको | | समुदाय वा टोलमा वडघरलाई सम्वन्धित टोलमा गठित टोल विकास संस्थाको सल्लाहकार सदस्यको रुपमा संस्थाले मनोनयन गर्न सक्नेछ । | पहिचान बनाएको बडघर प्रथा हाल सम्म पनि कायम रही समाजलाई सहि मार्गमा डोरयाउने कार्यमा बडघरको अहम भूमिका रहनुका साथै वडघरको अनुभव र कार्यदक्षता समेतवाट आगामी दिनमा टोल विकासलाई सुझाव सल्लाहको लागी आवश्यक देखिएकाले । |
| ४ | टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१२) | (१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका वढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ । एउटा घरधुरी एक भन्दा वढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन । | (१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका कम्तीमा २५ र वढीमा १०० घरधुरी र समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ | भौगोलिक अवस्थितिलाई मध्येनजर गर्दै । |
| ५ | टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ५ को खण्ड (ख) (१ ) थप गरिएको । | मौजुदा कानूनी व्यवस्था नभएको | वडामा गठन भै सूचिकृत भएको टोल विकास संस्था नगरपालिका कार्यालयमा दर्ता गर्नु पर्नेछ । | संस्थालाई नगरपालिका प्रति जिम्मेवार र विधिवत रुपमा अगाडी वढाउन आवश्यक भएकोले । |
| ६ | टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) | मौजुदा कानूनी व्यवस्था नभएको | टोल विकास संस्थाले संस्थाको विधानको अनुसूचि–३ वमोजिम संस्थागत विकास र | टोल विकास संस्थाको वैधानिक्ता, आन्तरिक सुशासन र व्यवस्थापन पक्षलाई वलियो वनाउन । |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१३) थप गरिएको । | | परिचालनको लागि छुट्टै विधान निर्माण गरी लागू गर्न सक्नेछ । | |
| ७ | टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ६ को उपदफा (१) को खण्ड (ल) थप गरिएको । | मौजुदा कानूनी व्यवस्था नभएको | नगरपालिकाको विभिन्न वडामा गठित टोल विकास संस्थाको वडा तथा पालिका स्तरमा कार्य संजाल गठन गर्न सक्नेछ । उक्त गठितटोल विकास संस्था गैर राजनैतिक, स्वतन्त्र नागरिक समाज संस्थाको रुपमा रहनेछ । | वडा स्तरमा गठित टोल विकास संस्थाको संस्थागत विकास र संस्थाको गतिविधि वडा तथा पालिका संग संस्थाको अनुभव आदान प्रदान र समन्वयका लागि । |

कार्यपालिका बैठकको निर्णय

निर्णय नं. ७ :- चालु आ.व. ०७९/०८० का लागि स्वीकृत आयोजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयन सम्वन्धमा तपसिल बमोजिम गर्ने ।

क) लागु औषध दुर्व्यशनी, साईबर अपराध, ट्राफिक नियमहरु तथा बाल यौन अश्लिलता सम्बन्धी जनचेतनामूलक कार्यक्रम शिर्षकमा विनियोजित बजेट कार्यान्वयन सम्वन्धमा कार्यपालिका कार्यालयको मिति २०८० जेष्ठ १९ गते टिप्पणी आदेश निर्णय बमोजिम देहाय बमोजिम कार्यक्रम संचालनका लागि रकम विनियोजन गर्ने ।

| क्र.सं. | कार्यक्रमको नाम | सम्बन्धित संघ/संस्था | विनियोजित बजेट |
|---|---|---|---|
| १ | लागु औषध दुर्व्यशनी तथा साईवर अपराध न्यूनीकरण सम्वन्धि डिजीटल कार्यक्रम | प्रनिशा फिल्मस प्रा.लि.द्वारा संचालित शुभारम्भ अनलाईन डट.कम, टी.न.पा .१ | ८५,०००।- |
| २ | लागु औषध दुर्व्यशनी, साईवर अपराध, ट्राफिक नियमहरु तथा बाल यौन अश्लिलता सम्वन्धी जनचेतनामुलक कार्यक्रम | सिर्जनशिल युवा समाज नेपाल, टी.न.पा | ८५,०००।- |
| | जम्मा | | १,७०,००० |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ख) : चालु आ.व २०७९/०८० का लागि स्वीकृत तपसिल बमोजिमका योजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने देखिएकोले आगामी नगर सभा बैठकबाट अनुमोदन हुने गरी संशोधन गर्ने ।

तपसिल:

| सि. नं | स्वीकृत योजना तथा कार्यक्रम | ठेगाना | विनियोजित बजेट | संशोधन पश्चात कायम हुने आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिका अगाडि रहेको चिल्ड्रेन पार्क निर्माण | टी.न.पा वडा नं. १ | ५,००,००० | सडक बत्ती जडान कार्य | ५,००,००० । | प्रदेश सरकारबाट समेत बजेट परेकोले दोहोरो पर्न गएको र स्थानीयबाट सडक बत्तीको माग बढी भएकोले |
| २ | न्यू राम जानकी ग्रामिण विद्युत सहकारी संस्थाको ट्रष्ट निर्माण | टी.न.पा वडा नं. ४ | ३,५०,०००। | न्यू राम जानकी ग्रामिण विद्युत सहकारी संस्थाको विद्युत पोल र तार खेरिद | ३,५०,०००। | |
| ३ | छत्र मल्लको घर नजिक रहेको ओपन स्पेशमा घेरवार | टी.न.पा. वडा नं. १, खडक स्मृति टोल | १,००,०००। | छत्र मल्लको घर नजिक रहेको ओपन स्पेशमा माटोपटानी | १,००,००० । | घेरवार गर्नुपर्ने स्थानमा खाडल रहेकोले घेरवार गर्न माटो पटानी गर्नुपर्ने भएकोले |

ग) चालु आ.व २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगत मेयर संग युवा खेलकुद कार्यक्रम शिर्षकबाट देहाय बमोजिमका कार्यक्रममा रकम विनियोजन गर्ने ।

तपसिल:

प्रमुख प्रशासकिय अधिकृत

१८औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| क्र. सं. | कार्यक्रम / आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कै. |
|---|---|---|---|---|
| १ | खेलकुद सामाग्री खरिद | टीकापुर न.पा. | ९५,०००। | |
| २ | व्याटमिन्टन प्रतियोगिता कार्यक्रम संचालन तथा प्रशिक्षणका लागि आवश्यक सामाग्री व्यवस्थापन | टीकापुर युवा क्लब ,टीकापुर, कैलाली | ३,००,०००। | १३ औ कार्यपालिका बैठकको नि.नं. ७ मा विनियोजित भई सकेको उल्लेखित संस्था परिवर्तन गरिएको |
| ३ | जिल्ला स्तरीय क्रिकेट प्रतियोगितामा टिम दर्ता शुल्क | कैलाली जिल्ला क्रिकेट संघ, धनगढी, कैलाली | ५०,०००। | |
| | | | | |

घ) वडा नं. ७ स्थित हुलाकी सडक भन्दा उत्तर र दक्षिण तर्फ रहेको विभिन्न सडकहरुमा सिमांकन माटो पटानी तथा बाटो ग्राभेलिंग योजना सम्बन्धी ठेक्का बाट बचत हुन आउने रकम रु. ३,८८,७३९।५६ (तीन लाख अठासी हजार, सात सय उन्चालिस रुपैया , पैशा छेपन्न) बाट वडा नं. ७ स्थित हुलाकी सडक भन्दा दक्षिण तर्फ रहेको वाटो ग्राभेल सम्बन्धी कार्य गर्ने ।

ङ) चालु आ.व. ०७९/०८० का लागि स्वीकृत जनयुद्ध तथा शहिद स्मृति पार्कको गुरु योजना तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत जनयुद्ध तथा शहिद स्मृति पार्कको पर्खाल निर्माण योजनाको ठेक्का (TMO/SQ/58/ works/079/080) बाट बचत हुन आएको रकम रु.३,३५,०००। (तीन लाख, पैतीस हजार मात्र) बाट वडा नं. १ स्थित मन्जु मोर्डन बोर्डिङ्ग स्कूल हुँदै पूर्व तर्फर करुणा बोर्डिगं स्कूलको पश्चिम तर्फ जाने बाटोमा माटो पटानी तथा ग्राभेलिंग गर्ने ।

निर्णय नं. ८ :- आगामी आ.व. २०८०/०८१ का लागि नगर विकास कोष सँगको लागत साझेदारीमा कार्यान्वयन गर्न यस नगरपालिकाको पन्धौ कार्यपालिका बैठकको निर्णय नं.६ बमोजिम छनौट तथा सिफारिस गरिएका आयोजना तथा कार्यक्रमका अतिरित्त तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम थप गरी सिफारिस गर्ने ।

तपसिल :

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१८ औं कार्यपालिकाको बैठकको निर्णय

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्मार्ट सिटी | टी.न.पा | पन्ध्रौ कार्यपालिका वैठकको निर्णय नं ६ बमोजिम सिफारिस आयोजना तथा कार्यक्रम |
| २ | फोहर व्यवस्थापन तथा फोहरमैला प्रशोधन केन्द्र | टी.न.पा | |
| ३ | पार्कमा डि.पी.आर. अनुसारको संरचना निर्माण | टी.न.पा | |
| ४ | सार्वजनिक हरित क्षेत्र | टी.न.पा | |
| ५ | सडक बत्ती | टी.न.पा | |
| ६ | नगर अस्पताल | टी.न.पा | |
| ७ | नगर बस संचालन | टी.न.पा | |
| ८ | एकीकृत शहरी सडक सुधार आयोजना | टी.न.पा | |
| ९ | रंगशाला निर्माण | टी.न.पा | |
| १० | कभर्ड हल निर्माण | टी.न.पा | |
| ११ | सामुदायिक भवन | टी.न.पा | |
| १२ | खानेपानी तथा सरसफाई | टी.न.पा | |
| १३ | शहरी प्रवर्द्धन आयोजना | टी.न.पा | |
| १४ | वजार व्यवस्थापन आयोजना | टी.न.पा | |
| १५ | विद्युतिय यातायात सेवा | टी.न.पा | |
| १६ | स्थानीय उत्पादन विक्रि केन्द्र | टी.न.पा | |
| १७ | मनोरन्जन पार्क निर्माण | टी.न.पा | |

निर्णय नं. ९ :- यस नगरपालिकामा भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको व्यवस्थापन सम्वन्धी कार्यलाई शिघ्र रुपमा अगाडि वढाउन निम्नानुसार कार्य गर्ने ।

क ) भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सम्वन्धी लगत संकलन कार्यविधि,२०७८ मा व्यवस्था भए बमोजिम सम्बन्धित कार्यविधिको दफा ६ (२) मा भएको व्यवस्था बमोजिम ग्रामिण क्षेत्र, शहरी क्षेत्र र शहरोन्मुख क्षेत्र निर्धारण गर्ने साथै जग्गाको प्रकृति अनुसूची ३ र ४ को वुंदा नं. ८ मा उल्लेख गरिए वमोजिमको प्रकृति) विभाजन गर्ने सम्वन्धमा सम्वन्धित वडाले पेश गरे बमोजिम हुने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१८ औं कार्यपालिका बैठकको निर्णय

तपसिल :

| क्र.सं. | सम्बन्धित वडा | जग्गाको विवरण | जग्गाको प्रकृति | जग्गाको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ | भूमिहिनी दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी सम्बन्धी लगत संकलन, कार्यविधि, २०७८ को अनुसूची ३ र ४ को दफा ७ को उपदफा २ को बुंदा नं. १२ | कसैको निजी जग्गा(१२) | | हाल वडा नं. को मात्र प्राप्त भएको |
| | | एकतानगर, विशालनगर,शिव नगर, चमेलीपुर, एकतापुर, भू.पु कमैया, भू.पु. कर्मचारी,गणेशपुर (बाढीपिडीत ) र शक्तिनगर | | शहर उन्मुख | |
| | | ब्लक नं. १ देखि ३३ सम्म र व्यवसाय क्षेत्र | | शहरीकरण | |
| | | बनगाउँ, भगरैया, नयाँ टीकापुर, दुर्गानगर, छेगरखैला, ज्योतीनगर, सतघरुवा, दशघरुवा, विष्तपुर, राजीपुर | | शहर उन्मूख | |

ख) वडाबाट सिफारिस भए बमोजिमकै जग्गाको प्रकृति र क्षेत्रको आधारमा अनुसूची ३ र अनुसूची ४ को विवरण सम्बन्धित वडाले रुजु गरी पूर्ण विवरण सहित वडाबाटनै प्रविष्टि गर्ने ।

ग) राष्ट्रिय भूमि आयोगलाई तथ्यांक प्रविष्टि प्रयोजनका लागि यस नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष र सचिवको नाममा यूजर आई.डि. प्रदान गरी दिन अनुरोध गर्ने ।

घ) तोकिए बमोजिमको अनुसूची ३ र ४ को विवरण प्रविष्टि गरे वापत प्रति फाराम रु. ७० ( सत्तरी) का दरले हुन आउने जम्मा रकम प्रविष्टि सम्बन्धी कार्य सम्पन्न भए पश्चात वडा कार्यालयलाई एकमुष्ट उपलब्ध गराउने ।

ङ) भूमि व्यवस्थापन सम्बन्धी कार्य वडा नं. १ बाट शूरु गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं.१० :- यस टीकापुर नगरपालिकाको पूर्वाधार विकास तथा वातावरण ब्यवस्थापन शाखाको जिम्मेवारी अर्को ब्यवस्था नभए सम्मका लागि ईन्जिनियर श्री नविन ओभ्फालाई तोक्ने साथै सो शाखा अन्तगरगतको सडक तथा अन्य पूर्वाधार विकास उपशाखाको हकमा ईन्जिनियर श्री राजेन्द्र रावललाई र भवन तथा बस्ती विकास उपशाखाको हकमा ईन्जिनियर श्री नविन ओभ्फालाई जिम्मेवारी तोक्ने साथै चालु आ.व. २०७९/०८० का लागि सडक बोर्ड नेपाल कार्यक्रम अन्तरगतका संचालित आयोजना कार्यान्वयन गर्ने गराउने जिम्मेवारी वडा नं. १,७,८ र ९ को हकमा ईन्जिनियर श्री राजेन्द्र रावललाई र वडा नं. १ को ईन्जिनियर श्री नविन ओभ्फालाई जिम्मेवारी दिने ।

निर्णय नं. ११ :- टीकापुर नगरपालिका क्षेत्र भित्र दैनिक रुपमा उत्पादन हुने फोहर ब्यवस्थापन गर्ने सम्बन्धमा मिति २०८०/०२/०१ मा प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गर्ने श्री कन्चन रिसाईकलर्स प्रा.लि. टीकापुर, ५ कैलाली सँग सम्भ्फौता गर्ने सम्बन्धमा मिति २०८०/०२/१२ गतेको मूल्याकंन समितिको सिफारिस बमोजिम कार्य अगाडि बढाउने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१८ औं कार्यपालिका बैठकको निर्णय